# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०६।०७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कालिकोट, खाँडाचक्र नगरपालिका वडा नं. १ का वडा सचिवसमेतले पदको दुरूपयोग गरी कर्णाली राजमार्ग सँगै जोडिएको कि.नं. १७७२ को नगर विकास समितिको नाममा भएको जग्गा आफ्नी आमाको नाममा दर्ता गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा खाँडाचक्र नगर विकास समितिको स्वमित्वमा रहेको कित्ता नं. १७७२ तथा सरकारी प्रकृतिको कित्ता नं. ५७२ र ९२१ का जग्गा भूमि सम्बन्धी प्रचलित कानुन विपरीत तत्कालीन भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्ष धिर बहादुर बमसमेतका प्रतिवादीहरूको एक आपसी मिलेमतोमा आफूसमेतलाई गैरकानुनी लाभ र नेपाल सरकारी/सार्वजनिक संस्थालाई प्रत्यक्ष हानिनोक्सानी पुऱ्याउने बदनियतले उक्त सरकारी सम्पत्ति गैरकानुनीरूपमा प्रतिवादीहरू अंखपुरा शाही, प्रदिपे दमाई र दिप बहादुर शाहीको नाममा दर्ता भोगचलन र निजी स्वामित्व कायम गरे गराएको देखिएको, समितिले उक्त जग्गाको सिफारिस गर्दा स्थलगत निरीक्षणसमेत नगरी कानुनले तोकेका न्युनतम विधि र प्रकृया मिची निर्णय गरेको देखिएको, जग्गा उपलब्ध गराउँदा भूमि सम्बन्धी नियमहरूको प्रतिकूल हुनेगरी नगरपालिकाको शहरी/बजार क्षेत्रमा तोकिएको १३०.०० बर्ग मिटर सीमाभन्दा अत्यधिक बढी क्षेत्रफलको जग्गा कृषि प्रयोजनको लागि उपलब्ध गराएको देखिएको र निजहरूको अन्यत्र घरजग्गा रहेको भूमि प्रशासन कार्यालय (साबिक मालपोत कार्यालय) कालीकोटमा रहेका अभिलेख विवरण श्रेस्ताबाट देखिन आएको तथा प्रतिवादी दिप बहादुर शाहीले जग्गाधनी प्रमाण पूर्जा पाएको ४ वर्ष र जग्गाधनी दर्ता श्रेस्ता अद्यावधिक भएको २ वर्ष पनि नपुग्दै बिक्रीसमेत गरेको देखिंदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | तत्कालीन भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्ष **धिर बहादुर बम** | रू.१,७६,८६,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो एक करोड छयहत्तर लाख छयासी हजार आठ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिका विज्ञ सदस्य **रमेश नेपाली** | रू.१,७६,८६,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो एक करोड छयहत्तर लाख छयासी हजार आठ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन भूमि सम्बन्धी समस्या | रू.१,७६,८६,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो एक करोड छयहत्तर लाख छयासी हजार |

| | | | |
|---|---|---|---|
| | समाधान आयोग जिल्ला समितिका सदस्य **राजेन्द्र बहादुर थापा** | | आठ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | मालपोत कार्यालय कालिकोटका तत्कालीन कार्यालय प्रमुख **नेत्र बहादुर शाही** | रू.१,७६,८६,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो एक करोड छयहत्तर लाख छयासी हजार आठ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवानाको सजाय गरी बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | मालपोत कार्यालय कालिकोटका सहायक कम्प्युटर अपरेटर **विरेन्द्र बहादुर शाही** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा सोही दफा ९ र ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | खाँडाचक्र नगरपालिका वडा नं.१ का तत्कालीन का.वा. वडा अध्यक्ष (वडा सदस्य) **भरत बहादुर शाही** | रू.१,००,९४,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसुरमा बिगो एक करोड चौरान्नब्बे हजार चार सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | मालपोत कार्यालय, (हाल भूमि प्रशासन कार्यालय) कालिकोटका तत्कालीन नायब सुब्बा **मुकुन्द बस्नेत** | रू.७५,९२,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो पचहत्तर लाख बयानब्बे हजार चार सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ८. | तत्कालीन मालपोत कार्यालय (हाल भूमि प्रशासन कार्यालय) कालिकोटका कार्यालय सहयोगी (करार) **भक्त बहादुर शाही** | रू.७५,९२,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो पचहत्तर लाख बयानब्बे हजार चार सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ९. | कित्ता नं. १७७२ को जग्गा प्राप्त गर्ने **अंखपुरा शाही** | रू.४३,८८,४००।- | मुख्य कसुरदारले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएकोले मुख्य कसुरदारलाई बिगो त्रिचालीस लाख अठासी हजार चार सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना तथा बिगो असुल हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त जग्गालाई पूर्ववत रूपमा कायम गरी खाँडाचक्र नगर विकास समितिको नाममा ल्याउन मागदाबी लिइएको एवं मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९,११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय हुन मागदाबी लिइएको छ। |
| १०. | कित्ता न. ५७२ को जग्गा प्राप्त गर्ने **प्रदिपे दमाई** | रू.५७,०६,०००।- | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएकोले मुख्य कसुरदारलाई बिगो सन्ताउन्न लाख छ हजार रूपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना तथा बिगो असुल हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त जग्गालाई पूर्ववत रूपमा कायम गरी नेपाल सरकारका नाममा ल्याउन तथा मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ११. | कित्ता नं. ९२१ को जग्गा प्राप्त गर्ने **दिप बहादुर शाही** | रू.७५,९२,४००।- | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको |

| | | | |
|---|---|---|---|
| | | | पुष्टि भएकोले मुख्य कसुरदारलाई बिगो पचहत्तर लाख बयानब्बे हजार चार सय रूपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना तथा बिगो असुल हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त जग्गालाई पूर्ववत रूपमा कायम गरी नेपाल सरकारको नाममा ल्याउन तथा मुख्य कसुरदारले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारलाई बिगो पचहत्तर लाख बयानब्बे हजार चार सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मूख्य कसुरदारलाई हुने सरह मागदाबी लिने तथा मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ९, ११ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारलाई हुने सरह सजाय हुन मागदाबी लिइएको छ। |
| १२. | कित्ता नं. ९२१ को जग्गा खरिद गर्ने **नरेन्द्र बहादुर थापा** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ को उपदफा (१) बमोजिम उक्त जग्गा जफत गरी पूर्ववत रूपमा कायम गरी नेपाल सरकारको नाममा ल्याउन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने